म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३७ बुधबार २ साउन २०८१ ने. सं. ११४४ दिल्लाथ्व 17 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com

राष्ट्रिय दैनिक

## हेटौंडाका पुराना व्यवसायी ठकुरीको निधन

हेटौंडा, १ साउन/हेटौंडाका पुराना चर्चित व्यवसायी कपुर चन्द्र ठकुरीको निधन भएको छ । हेटौंडा-४ स्थित कपुर कम्प्लेक्सका सञ्चालक ठकुरीको ८९ वर्षको उमेरमा सोमबार राती १० बजे काठमाडौंमा निधन भएको हो । २०३४ सालदेखि हेटौंडामा बसोबास गर्दै आएका ठकुरी परिवारले सटरको व्यवसायको सुरुवात गरेको थियो । ठकुरीले २०४० सालमा व्यवसायीक रुपमा सटर बनाउने कार्यको सुरुवात गरेका थिए । उनले कपुर कम्प्लेक्स स्थापना गरेर व्यावसयिक यात्रालाई अगाडि बढाउन योगदान गरेका थिए । पछिल्लो केही समयदेखि स्वास्थ्यमा देखिएको समस्याका कारण ठकुरी परिवार उपचारका लागि काठमाडौंको भैंसेपाटी बस्दै आएको थियो । स्व. ठकुरीको श्रीमती, तीन छोरा र दुई छोरी छन् । एक महिनादेखि अस्पतालमा भर्ना भई उपचार गराइरहेका ठकुरीको उपचारको क्रममा मृत्यु भएको पारिवारका सदस्यले जानकारी दिएका छन् । उनको पार्थिव शरीरलाई मंगलबार काठमाडौंस्थित पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको उनका छोरा दीपेन्द्रचन्द ठकुरीले जानकारी दिए ।

# बागमतीमा साना दलको बार्गेनिङ नहुँदा घट्ला मन्त्रालय संख्या ?

भानुभक्त आचार्य

हेटौंडा, १ साउन/ मन्त्रालय संख्या बढाएर व्यापक आलोचना खेप्ने प्रदेश सरकारमध्ये बागमती प्रदेश अग्रभागमा आउँछ ।

'झ्याल-झ्यालमा मन्त्रालय'को बोर्ड झुण्डिएको भन्दै नेकपा (एकीकृत समाजवादीका) राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको बागमतीमा प्रदेशको पहिलो कार्यकालको अन्तिम सरकारबाट सुरु आलोचना दोस्रो कार्यकालको डेढ वर्षसम्म पनि कायमै छ । अब नयाँ सत्तासमिकरण बनेसँगै दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको बागमतीमा सरकार गठन हुँदैछ । प्रदेशसभामा ३७ सांसदसहित ठूलो दल कांग्रेस र २७ सांसदसहितको दोस्रो ठूलो दल एमालेको स्पष्ट बहुमत छ ।


केन्द्रीय सत्तासमिकरणको पक्षमा देखिएका साना दल (राप्रपा बाहेक) को बागमती प्रदेशसभामा प्रतिनिधित्व छैन । नयाँ समिकरणामा साना दल नरहेकाले भागबण्डा पुऱ्याउनुपर्ने दबाबमा नरहने कांग्रेस र एमालेले मन्त्रालय संख्या घटाएर आर्थिक भारलाई व्यवस्थापन गर्नुपर्ने दायित्व छ । साना दललाई मन्त्रालय भागबण्डा गर्न नपरेपछि एमाले र कांग्रेसले भाग लगाएर सरकार सञ्चालन गर्न सक्ने देखिन्छ ।

विगतमा सरकार टिकाउनका लगि साना दललाई भागबण्डा पुऱ्याउन पटक-पटक मन्त्रालय टुक्र्याउने परिस्थितिको अन्त्य हुने विश्वास लिइएको छ । तर, कांग्रेस र एमाले विगतको कमजोरीलाई सच्याएर सानो मन्त्रीमण्डल बनाउन तयार भएर वित्तीय सुशासनको मुद्दामा अगाडि बढ्छन् की बढ्दैनन् ? भन्ने प्रश्न नागरिक समाजले उठाउन थालेका छन् ।

मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख यम सिलवाल बागमतीमा ७ वटा मन्त्रालय मात्रै आवश्यक रहेकोले बाँकी कटौती गर्नुपर्ने बताउँछन् । उनले नेपाली कांग्रेस र एमालेले वित्तीय सुशासनका लागि ७ वटा मन्त्रालय बनाउनुपर्नेमा जोड दिए । 'पहिला साना दललाई जोडेर बहुमत पुऱ्याउनकै लागि यति धेरै मन्त्रालय बनाइयो । अब कांग्रेस र एमालेले पनि मन्त्रालय संख्या घटाएर राज्यको आर्थिक भार कम गराएनन् भने कहिले र कसले गर्छ ?,' उनले भने ।

सिलवालले १४ वा १३ वटासम्म मन्त्रालय बनाइनु गलत अभ्यासको पराकाष्ठ भएको बताए । बागमती सरकारले संघीय सरकारको नक्कल गर्दै खोलेको बोर्ड, परिषद् लगायतका संरचना मन्त्रालयको एउटा शाखा र इकाईको रुपमा राखेर काम गर्नुपर्ने उनले औंल्याए । 'वैदेशिक ऋण ल्याएर यसरी अनावश्यक रुपमा बोर्ड, परिषद् लगायतका संरचना खडा गरिनु गलत छ । त्यो एउटा मन्त्रालयको शाखा र इकाईको रुपमा रहनुपर्छ । त्यहींबाटै काम गर्नुपर्छ । यस्ता संरचना खोल्ने भनेको कार्यकर्ता भर्ती गर्ने उद्देश्य हो । यो ठीक होइन् ।,' सिलवाल भन्छन् ।

बागमतीमा हाल १३ सदस्यीय मन्त्रिपरिषद् छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित अन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा








वातावरण मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय रहेका छन् ।

१८ महिनामै चौथोपटक गठन हुने कांग्रेस र एमाले सरकारले मन्त्रालय संख्या घटाउने वा बढाउने निर्णय भने लिइसकेका छैनन् । सरकार गठनबारे एमालेसँग छलफल भए पनि मन्त्रालयको विषयमा कुरा नभएको कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामाले बताए । उनले अहिले भएकै १३ वटा मन्त्रालयबाट प्रभावकारी रुपमा काम गर्नेगरी सरकार सञ्चालनको तयारी हुने धारणा राखे । 'पहिल्यै मन्त्रालयको संख्या बढाइएकाले अब घटाउन पनि गाह्रो हुन्छ होला । आकांक्षी पनि धेरै छन् । अहिले भएकैलाई नतिजा निस्कने गरी हामी काम गर्छौं ।,' लामाले भने ।

एमाले संसदीय दलका नेता तथा पूर्वआर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले मन्त्रालय संख्याको विषयमा आवश्यक छलफल गरिने बताए । छलफलबाट आउने निश्कर्षका आधारमा निर्णय लिइने उनले बताए । थपलियाले २५ पुस ०७९ मा गठित प्रदेशको दोस्रो कार्यकालको पहिलो सरकारमा मन्त्रालय संख्या घटाउने सत्तासाझेदार दल माओवादी केन्द्रसँग प्रस्ताव राखेका थिए ।

### साना दलको बार्गेनिङले मन्त्रालय टुटफुट नै धेरै

बागमती प्रदेश सरकार स्थापना भएको साढे ६ वर्षमा चार पटक मन्त्रालय विभाजन भएका छन् । चारैपटक मन्त्रालय फुटाउने र जुटाउने कार्यमा गठबन्धन टिकाउनु प्रमुख कारण बनेको थियो ।

२०७४ मा प्रदेश स्थापना भएपछि पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले ७ वटा मन्त्रालय बनाएका थिए । साँढे ३ वर्ष सरकारमा बसेका उनले ७ वटै मन्त्रालयबाट सरकार चलाएका थिए । तत्कालीन नेकपा विभाजनपछि भने बागमतीमा मन्त्रालय टुटफुट चलिरहेको छ । एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डेको कार्यकालबाट साना दललाई भागबण्डा पुऱ्याउन ८ बाट १४ वटा मन्त्रालय पुऱ्याइएको थियो ।

११ कार्तिक ०७८ मा नियुक्त भएका पाण्डेलाई कांग्रेस, माओवादी र आफ्नै पार्टी एकीकृत समाजवादीको भागबण्डा मिलाउन दबाब थियो । उनले प्रदेशको ८ वटा मन्त्रालयलाई एकैपटक१४ वटा पुऱ्याएका थिए । कुल १३ वटा जिल्ला रहेको बागमती प्रदेशमा पाण्डेले जिल्ला भन्दा पनि बढी मन्त्रीको संख्या पुऱ्याएको भन्दै चौतर्फी आलोचना भएको थियो । उनको कार्यकालमा १४ जना मन्त्री र ४ जना राज्यमन्त्री थिए । हेटौंडा-१, चौकीटोलस्थित यातायात सेवा कार्यालयका लागि बनाइएको पाँचतले भवनको तलैपिच्छे मन्त्रालय राखिएको थियो ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलको १८ महिने कार्यकाल पनि सरकार बनाउने र मन्त्रालय हेरफेरमै बित्यो । मुख्यमन्त्री जम्कट्टेलले १८ महिनामा दुईपटक मन्त्रालय विभाजन गरे । पछिल्लोपटक २ जेठ ०८० मा बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय बनाएको थियो । १९ चैत ०८० मा विनाविभागीय मन्त्री नियुक्त भएकी नेकपा (एकीकृत समाजवादी)की रमा आलेमगरलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिन मन्त्रालय फुटाइएको हो ।

जम्कट्टेलले यसअघि नेपाली कांग्रेस, एकीकृत समाजवादी सहितको सरकारमा कांग्रेसबाट रामकृष्ण चित्रकारलाई जिम्मेवारी दिन मन्त्रालय विभाजन गरेका थिए । ७ जेठ २०७९ मा मन्त्रिपरिषद विस्तार गर्दा चित्रकारलाई विनाविभागीय मन्त्री बनाइएको थियो । ५ भदौमा उनलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिइएको थियो । त्यतिबेला पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरेर थपिएको उद्योग तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मा चित्रकारलाई दिइएको थियो ।

मुख्यमन्त्री जम्कट्टेलले १० माघ २०७९ मा मन्त्रालय संख्या घटाएर ११ वटा कायम गरेका थिए । त्यसअघिको १४ वटा मन्त्रालय रहेकामा कम बजेट भएका र प्रभावकारी काम नदेखिएका ३ वटा मन्त्रालय कटौती गरिएको थियो । मुख्यमन्त्रीमा पदभार ग्रहण गर्दै २६ पुस ०७९ मा जम्कट्टेलले मन्त्रालय संख्या घटाउन कार्यदल गठन गरेका थिए । तर, आफ्नो पहिलो निर्णय नै उनले कार्यान्वयनमा लैजान सकेनन् । गठबन्धनको भागबण्डाले उनलाई आफ्नै निर्णयमा उभिन नसक्ने बनायो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन प्रमुखसचिव मुकुन्द निरौलाको संयोजकत्वमा गठित कार्यदलले मुख्यमन्त्री जम्कट्टेललाई मन्त्रालय संख्या निर्धारण गर्न कम्तिमा ९ वटा र बढीमा ११ वटासम्म मन्त्रालालय राख्न सकिने विकल्प दिएको थियो । कार्यदलले एउटा मन्त्रालयको वार्षिक खर्च ७३ लाख रुपैयाँ रहेकोमा ११ वटा मन्त्रालय बनाउँदा मसलन्दबाहेक तलब भत्तालगायतका खर्च वार्षिक साढे ८ करोड हुने र ९ वटा मन्त्रालय बनाउँदा वार्षिक साढे ६ करोड रुपैयाँ खर्च हुने प्रतिवेदन सरकारलाई दिएको थियो ।

# हासु एफसी मनहरीले जित्यो फुटबल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ मनहरी गाउँपालिका-८ बेलुवामा भएको प्रथम मिलन-धर्मराज स्मृति खुला नकआउट फुटबल प्रतियोगिताको उपाधी हासु एफसी मनहरीले जितेको छ ।

हासु एफसी मनहरीले कैलाश गाउँपालिकाको टिमलाई ३-० गोल अन्तरले पराजित गर्दै उपाधिरक्षा गरेको हो । एफसी मनहरीका लागि विदेशी खेलाडी ग्लोरीले पहिलो हाफमा १ गोल र दोस्रो हाफमा १ गोल गरी २ गोल गर्न सफल भए । दोस्रो हाफमा मोहित गुरुङले १ गोल थपे । ग्लोरी र मोहितको गोलले मनहरीलाई उपाधि जिताएको हो । फाइनल खेलको म्यान अफ द म्याच हासुका जीत थापामगर घोषित भएका छन् ।



प्रतियोगितामा १२ वटा क्लवको सहभागिता रहेको थियो । प्रतियोगिताको बिजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको विजेता र उपविजेता टिमलाई मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले पुरस्कार वितरण गरेका थिए । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै आयोजक सिम्पानी युथ क्लबका खेलाडी राहुल थापामगरले ७ हजार रुपैयाँ प्राप्त गरे । मगरलाई सानिमा लाइफ इन्सुरेन्सले ५ वर्षसम्मका लागि ५ लाख रुपैयाँ बराबरको जीवनबीमा गरिदिएको छ ।

प्रतियोगिताको उत्कृष्ट गोलरक्षक हासुका बाबुराम चौधरी, उत्कृष्ट डिफेन्डर हासुकै छिरिङ लामा, मिडफिल्डर हासुकै राज थापामगर र सर्वाधिक गोलकर्ता कैलाशका अनिश चौधरी घोषित भएका छन् । उनीहरुलाई जनही ५ हजार रुपैयाँसहित ट्रफि प्रदान गरिएको छ ।

गत २०७९ पुस २८ गते सवारी दुर्घटनामा ज्यान गुमाएका सिमपानी युथ क्लवका खेलाडीद्वय मिलन र धर्मराज मोक्तानको स्मृतिमा क्लवले पहिलोपटक प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिता २० असारबाट सुरु भएको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT-1995

ADMISSIONS OPEN

Transform your passion for beauty into a career - study

BEAUTICIAN & HAIRDRESSING IN GRADE 11

For inquiry:
9855074222



ENHANCING SUCCESS:
Additional 24-month Medical And Engineering Preparation Classes Available In The Faculty Of Science For The Past 3 Years

CLASSES STARTING FROM श्रावण १०

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा" DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# पूर्णखोपयुक्त थाहानगर

थाहा नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । राष्ट्रिय खोप कार्यक्रमको उद्देश्य तथा लक्ष हासिल गर्न सबै बालबालिकामा पुग्ने रणनीतिअनुसार उद्देश्य प्राप्ति गर्न नियमित खोपमा सबै खोपको कभरेज सबै स्थानीय तह तथा ९५ प्रतिशतभन्दा बढी पुर्‍याई पूर्णखोप सुनिश्चितता दिगोपना कायम राख्नुपर्छ । जन्मेदेखि १५ महिनासम्मका सबै बालबालिकाले पूर्णरुपमा नियमित खोप पाएपछि मात्र पालिकालाई पूर्णखोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गर्ने गरिन्छ । १६ देखि २३ महिनासम्मका छुटेका बालकालिकालाई समेत खोजेर पूर्णरुपमा खोप सुनिश्चितता गरिएको हुनपर्दछ । राष्ट्रिय खोप तालिकाअनुसार जन्मेदेखि १५ महिनासम्मका बालबालिकालाई १३ वटा खोप प्रदान गरिन्छ । पूर्णखोप सुनिश्चितताका लागि ९५ प्रतिशत सूचकांक पूरा गर्नुपर्ने हुन्छ । सबै स्थानीय तहले ९५ प्रतिशत सूचकांक पूरा गरेपछि स्वास्थ्य कार्यालयले पूर्णखोपयुक्त पालिका घोषणा गर्ने अनुमति दिने गरेको छ । पाल्पा जिल्लालाई २०७० फागुन १३ मा नेपालकै पहिलो पूर्णखोपयुक्त जिल्ला घोषणा गरिएको थियो । त्यस्तै हेटौंडा उपमहानगरलाई गत असारमा पूर्णखोपयुक्त घोषणा गरिएको थियो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान र जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्ण मिजारले सोमबार नगरपालिकालाई निश्चित सूचकांक र पूर्णखोप निर्देशिका २०७१ को आधारमा पूर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गरेका हुन् । 'पूर्णखोप सुरक्षित भविष्य, स्थानीयश्रोतको उपयोग स्वामित्व र सहभागितामा, पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नाराकासाथ खोप समन्वय समितिले घोषणा गरेको हो । पहिलोचरणमा पालिकाका सबै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको र हाल सोही तथ्यांक र सूचकका आधारमा पूर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको हो । प्रत्येक वडामा वडास्तरीय खोप समन्वय समितिले पालिकालाई बालबालिकाले खोप लगाएको सुनिश्चित गरेपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको घोषणा कार्यक्रममा जानकारी दिइएको हो । स्वास्थ्यशाखाले दिगोपना र पूर्णखोप सुनिश्चितताका लागि हरेक महिना थाहाको २९ वटा खोपकेन्द्रबाट नियमित खोपको कार्यक्रम चल्ने गरेको तथा घरभेट सर्वेक्षण गरी उमेरअनुसार खोप पाएर नपाएको यकिन गरेर खोप लगाउन छुटेको पाइएमा प्रक्रियाअनुरुप खोप दिने व्यवस्था गरेको थियो । सबै सर्त पूरा गरी नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको हो । नगरपालिकामा १६ वर्षदेखि २३ सम्म उमेरका ५५० जनाले पूर्णमात्रामा लगाएको पालिकाले सर्वेक्षण गरेको तथ्यांक रहेको छ । ० देखि १५ महिनासम्मका ६४१ जनाले खोप लगाएको तथ्यांक छ । सोही तथ्यांकका आधारमा पालिकाका करिब ९५ प्रतिशतले खोप लगाएको पाइएपछि पालिका घोषणाका लागि जिल्ला समन्वय समितिसमक्ष पेस गरिएको र स्वीकृत भई घोषणा गरिएको हो । जिल्ला समन्वय समितिका प्रमुख घलानले आवश्यक तथ्य पेस भएको र सोही तथ्यका आधारमा पूर्णखोप सुनिश्चितता पालिका घोषणा भएको बताए । अब मकवानपुरको चारवटा पालिका पूर्णखोप सुनिश्चितता हुन बाँकी रहेको छ । छिटो घोषणा गरी जिल्लालाई नै घोषणा गर्नुपर्ने बताइएको छ ।

अन्तर्राष्ट्रियमन्चमा नेपाल सरकाले गरेको प्रतिबद्धतास्वरुप जनताको स्वास्थ्यका पूर्णखोप सुनिश्चितताको लागि सम्पूर्ण स्वास्थ्यकर्मी र स्वास्थ्यस्वयंसेविका खटिएका छन् । खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । कार्यक्रममा पालिकालाई पूर्णखोप सुनिश्चितता प्रमाणपत्र समन्वय प्रमुख घलानले थाहा नगरप्रमुख बिष्णु बिष्टलाई हस्तान्तरण गरेका हुन् । नगरप्रमुख बिष्टले खोप सुनिश्चितता घोषण गर्न सहयोग गर्ने स्वास्थ्यकर्मी र कर्मचारीलाई धन्यवाद दिँदै खोपले बालबालिकामा विभिन्न रोगबाट बच्ने प्रतिरोधात्मक क्षमता बढ्ने भएकाले खोपबाट बालबालिकालाई बञ्चित गराउन नहुने बताए । पालिकाभित्र ५ वटा स्वास्थ्यसंस्था, प्राथमिक स्वास्थ्यकेन्द्र १ वटा, ३ वटा आधारभूत स्वास्थ्यकेन्द्र र ३ वटा सहरी स्वास्थ्यकेन्द्र रहेका छन् । थाहाको वडा न ५ लाई संस्थागत सुत्केरी वडा समेत घोषणा गरी प्रमाणपत्र प्रदान गरिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ३ गते बिहीबार १८ जुलाई २०२४ । द्वादशी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिनेछ |

# हदबन्दी जग्गामा पतञ्जलि र सरकारबीच साँठगाँठ



✍ गौरीबहादुर कार्की

पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले काभ्रे जिल्लामा ८१५ रोपनी जग्गा किन्न नेपाल सरकारबाट २०६६ माघ १८ मा अनुमति पायो । आयुर्वेदिक विश्वविद्यालय, अनुसन्धान केन्द्र, योगशाला, आयुर्वेद औषधि उद्योग र गाई फार्म चलाउन तथा जडीबुटी खेती गर्न भनी पतञ्जलिले हदबन्दी भन्दा बढी जग्गा किन्न अनुमति पाएको थियो । त्यतिबेला कुनै व्यक्ति वा संस्थाले पहाडी जिल्लामा घरबारी समेत गरी ७५ रोपनीभन्दा बढी जग्गा राख्न पाइँदैनथ्यो । जग्गा राख्ने हदबन्दी भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ ले २०५८ सालमा संशोधन गरेको हो । त्यसभन्दा पहिले पहाडी क्षेत्रमा घरघडेरी सहित खेती गर्न ९६ रोपनीसम्म राख्न पाउने कानुनी व्यवस्था थियो ।

कृषिउद्योग वा उद्योग व्यवसाय गर्नको लागि हदबन्दीभन्दा बढी जग्गा सरकारको स्वीकृतिमा त्यस्तो काममा रहेसम्म राख्न पाउने व्यवस्था सोही ऐनको दफा १२ ले गरेको छ । सोही कानुनी प्रावधानको आधारमा पतञ्जलि योगपीठ नेपाललाई ८१५ रोपनी जग्गा किन्न नेपाल सरकारबाट अनुमति प्रदान भएको थियो । पतञ्जलिले साविक काभ्रे जिल्लाको नासिकास्थान (साँगा) र महेन्द्रज्योति गाविस तथा चलाल गणेश स्थान (हाल बनेपा नगरपालिका) मा ५९३ रोपनी ५ आना १ दाम १ पैसा जग्गा खरिद गरेको थियो । कम्पनीले धुलिखेलमा ८८ रोपनी १ पैसा १ दाम किनेको छ, त्यही जग्गामा मात्रै पतञ्जलि केन्द्र सञ्चालनमा छ ।

त्यस स्थानमा सोभन्दा बढी जग्गा खरिद गर्न नपाएको भन्दै संस्थाको मूल उद्देश्य अनुरूप सञ्चालन गर्नको लागि जग्गा बिक्री, सट्टापट्टा र ठाउँसारी गर्न अनुमति दिनुहुन भनी पतञ्जलिका संचालक शालिग्राम सिंहले भूमिसुधार मन्त्री समक्ष मिति १७ फागुन २०६६ मा निवेदन दिए । हाउजिङ कम्पनी र अन्य व्यापारीले संस्थाको उद्देश्य पूरा गर्न बाधा पुर्‍याएको भन्ने समेत कारण देखाइ संस्थाले खरिद गरेको हदबन्दी छुटको जग्गाहरू बिक्री, सट्टापट्टा र ठाउँसारी गरी त्यही मूल्य र त्यही अनुपातका अन्य स्थानका जग्गा खरिद गर्नु परेको निवेदनमा उल्लेख थियो । यस्तै प्रकृतिको हदबन्दी छुटको जग्गाहरू बिक्री गरी अरू ठाउँका सोही अनुपात मूल्यको जग्गा खरिद गरी चिया बगानहरू सञ्चालन गरिराखेको तथ्य जानकारी गराउँदै आफूले पनि त्यसै अनुसार गर्न लागेको भनी शालिग्राम सिंहले निवेदनमा खुलाएको देखिन्छ ।

सोही निवेदनको आधारमा बिक्री हुने जग्गाबाट प्राप्त रकम बराबरको जग्गा जुन प्रयोजनको लागि खरिद गरिएको हो सोही प्रयोजनमा मात्र प्रयोग हुने तथा १८ माघ २०६६ मा विधेयक समितिको निर्णयको अधीनमा रहने गरी हदबन्दीभन्दा बढी जग्गाको बेचबिखन गरी सट्टापट्टा गर्न स्वीकृति दिने गरी मन्त्रिपरिषद्बाट मिति ६ चैत २०६६ मा निर्णय भएछ । निवेदनमा कति र कुन-कुन जग्गा बिक्री, सट्टापट्टा र ठाउँसारी गर्ने भन्ने खुलाइएको छैन । मन्त्रिपरिषद्को निर्णयमा पनि कुन जग्गा र कति क्षेत्रफल भन्ने खुलाइएको छैन । खरिद गरेको सबै ५९३ रोपनी जग्गा नै बिक्री समेत गर्न अनुमति मागेकोमा क्षेत्रफल नखुलाई अनुमति दिने मन्त्रिपरिषद्को निर्णयबाट सबै जग्गा बिक्री समेत गर्न अनुमति दिइयो । उक्त निर्णय त्यतिबेला मुख्य सचिव माधवप्रसाद घिमिरेले प्रमाणित गरेको देखिन्छ । घिमिरे पृथ्वी राजमार्गमा सवारी दुर्घटनामा त्रिशूलीमा बेपत्ता भए ।

खरिद गरेको जग्गा ५९३ रोपनीलाई टुक्र्याएर झण्डै दुई तिहाइ ३५२ रोपनी जग्गा अढाइ महिनामै पतञ्जलिबाट बिक्री गरियो । सो जग्गा बिक्री गरेपछि अन्यत्र जग्गा खरिद गरिएन । सो जग्गा भने प्लटिङ गर्न बिक्री गरिएको देखिन्छ । जुन प्रयोजनको लागि हदबन्दी छुट पाएको हो सोही काममा बाहेक अन्य काममा प्रयोग, साटफेर वा बिक्री गर्न ऐनको दफा १२ ले रोक लगाएको छ । तर कानुनी बन्देजतिर मन्त्रिपरिषद् लगायत कुनै पदाधिकारीले हेरेको देखिन आएन । कुनै पनि कानुनी बन्देज कसैले उल्लंघन गर्न पाइँदैन । तर, त्यतिबेला डेढ दशकअघि माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले हदबन्दीभन्दा बढी जग्गा बिक्री, सट्टापट्टा र ठाउँसारी गर्ने भन्ने एकजना सञ्चालक शालिग्राम सिंहको निवेदनको भरमा बेच्न अनुमति दिएको थियो । हदबन्दी भन्दा बढीको जग्गा बिक्री गर्न दिने कानुनी व्यवस्था पहिले पनि थिएन र अहिले पनि छैन । यसप्रकार कानुनी प्रावधान बाहिर हदबन्दी बढीको जग्गा बिक्री, सट्टापट्टा र ठाउँसारी गर्न मन्त्रिपरिषद्ले निर्णय गरेको देखिन आयो ।

मन्त्रिपरिषद्ले कुनकुन जग्गा बिक्री गर्ने, कुनकुन सट्टापट्टा र कुनकुन ठाउँसारी गर्ने भन्ने कुनै विवरण नै नलिई पतञ्जलिका सञ्चालकको हचुवा निवेदनको भरमा जग्गा बिक्री, सट्टापट्टा र ठाउँसारी गर्न अनुमति दिएको थियो । मन्त्रिपरिषद्को निर्णयपछि कति जग्गा बिक्री, सट्टापट्टा र ठाउँसारी भए भन्नेतिर कहिल्यै हेरिएन । पतञ्जलिले काष्ठमण्डप बिजनेस होम्सलाई ४०० रोपनी जग्गा बिक्री गर्ने सम्झौता गरेको थियो । ३५३ रोपनी खरिदबिक्री भएको छ । मालपोतमा एक लाख रुपैयाँ रोपनीका दरले कर तिरे पनि आपसी कागजमा भने प्रतिरोपनी सरदर १० लाखका दरले खरिद-बिक्री भएको लेखिएको छ । कम मोल देखाएर कारोबारमा राजस्व छलिएको छ ।

पतञ्जलिलाई जग्गा बिक्री समेत गर्न दिने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गराउने सम्बन्धका भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँले मन्त्रिपरिषद्को निर्णयमा कानुनी आधार खुलेको नदेखिएको भन्दै मन्त्रिपरिषद्लाई पत्र लेखे । 'त्यस्तै बिक्री हुने जग्गाबाट प्राप्त रकम बराबरको जग्गा भन्नाले कति रकम र कति जग्गा हुने हो ? साविकको जग्गा कति रकममा बिक्री हुन्छ ? कसरी यकिन गर्ने हो ? र, साथै २०६६ माघ १८ को विधेयक समितिको निर्णयको अधीनमा रही भन्ने व्यहोरा प्राप्त पत्रमा लेखिएकोमा सो निर्णयको व्यहोरा जानकारी भएमा तदनुसार काम अगाडि बढाउन उपयुक्त हुने भएकाले जग्गा बिक्री गर्न दिएको निर्णयको थप व्याख्या गरी निर्देशन पाउन अनुरोध गरी पत्र लेखे । १२ चैत २०६६ को पत्रबाट मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न पदसोपान तथा पदीय मर्यादा विपरीत इन्कार गरेको भन्दै महानिर्देशक जस्तो पदाधिकारीलाई निजामती सेवा ऐन अनुसार किन कारबाही नगर्ने भन्दै सचिव छविराज पन्तले २७ चैत २०६६ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार महानिर्देशक बानियाँलाई २४ घण्टाभित्र स्पष्टीकरण मागेर पत्र लेखे ।

बानियाँलाई स्पष्टीकरण सोध्ने निर्णयका अतिरिक्त हदबन्दी छुट जग्गा बेच्न स्वीकृति दिने निर्णय कार्यान्वयन गराउन 'पुन: विभागलाई निर्देशन दिने' निर्णय पनि मन्त्रिपरिषद्बाट भएको थियो । तर दोस्रो पत्रपछि पनि कानुन विपरीत निर्णय कार्यान्वयन नगर्ने भन्दै बानियाँले मन्त्रालयलाई जवाफ पठाएका थिए । जवाफ चित्तबुझ्दो नभएको कारण देखाएर उनलाई महानिर्देशकबाट हटाइएको थियो । तत्कालीन मुख्यसचिव माधव घिमिरे र भूमिसुधार सचिव पन्तको रोजाइमा सहसचिव जितबहादुर थापालाई विभागको महानिर्देशक बनाइएको थियो । थापा महानिर्देशक बनेको भोलिपल्ट चैत २७ मा पतञ्जलिलाई हदबन्दी छुट जग्गा बिक्रीका लागि बाटो खोल्न विभागले मालपोत कार्यालय काभ्रेलाई पत्राचार गरेको थियो ।

संयोग, गैरकानुनी रूपमा हदबन्दी छुट जग्गा पतञ्जलिलाई बिक्रीको अनुमति दिन दोस्रो पटक पत्र पठाएको मितिको तीन दिनपछि बालुवाटारस्थित ललितानिवास र त्यसले चर्चेको सरकारी जग्गा भूमाफियालाई सुम्पिने निर्णय मन्त्रिपरिषद्बाटै भएको थियो । ललितानिवासबारे २०६६ चैत २९ मा मन्त्रिपरिषद्ले गरेको सो निर्णय गैरकानुनी भन्दै विशेष अदालतले निर्णय प्रक्रियामा संलग्न कर्मचारीलाई गत फागुन ३ मा दोषी ठहर गरिसकेको छ । संयोगले ती दुवै निर्णय गर्ने मन्त्रिपरिषद्को अध्यक्षता प्रधानमन्त्री माधवकुमार नेपालले गरेका थिए । शर्त, सम्झौता र भूमि सम्बन्धी कानुन विपरीत हदबन्दी छुट जग्गा बिक्री गर्न कठिन हुने भन्दै मालपोत काभ्रेले पनि २०६७ जेठ १७ मा विभागलाई पत्र पठाएको थियो । काभ्रेका तत्कालीन प्रमुख मालपोत अधिकृत जनार्दन गुरागाईले हदबन्दी छुट जग्गाबाट प्राप्त रकम बराबरको जग्गा किन्ने सुनिश्चितता नभएको र जग्गा बिक्रीबाट प्राप्त रकमको पनि यकिन परिमाण नभएको कारण देखाएर निर्णयमा थप स्पष्ट हुन आवश्यक रहेको व्यहोरा खुलाएर विभागलाई पत्र पठाएका थिए । उनले उठाएको देशभक्तिपूर्ण प्रश्नको अहिले १५ वर्षसम्म पनि जवाफ आएको पाइँदैन ।

काभ्रे मालपोतको व्यहोरामा थप स्पष्ट हुन भन्दै महानिर्देशक थापाले असार ३ मा भूमिसुधार मन्त्रालयलाई पत्राचार गरेका थिए । त्यसको ८ दिनपछि असार ११ मा सचिव पन्तले ५ वर्ष अवधिभित्र बिक्री/सट्टा भर्ना सक्ने गरी कम्पनीबाट कागज गराई लिखत पास गराउन सचिवस्तरीय निर्णयबाट तोक आदेश गरेका थिए । रामदेव बाबाको शक्तिले त्यही दिन यो व्यहोरा सहितको पत्र विभागलाई पठाइयो । सचिव पन्तको यो निर्णयबाट हदबन्दी छुट जग्गा पतञ्जलिले बिक्री गरेको थियो । ५ वर्ष भित्र सट्टाभर्ना भएन । अहिले १५ वर्षसम्म पनि सट्टाभर्ना हुनसकेको छैन । कम्पनीबाट कागज गराएकोमा पनि अहिलेसम्म भूमिसुधार मन्त्रालय अर्थात् नेपाल सरकारले खोजबिन गरेन ।

पतञ्जलिको विवादमा मन्त्रिपरिषद्लाई भूमिसम्बन्धी ऐन २०२१ को दफा ७,१२ लगायत कुनै पनि नेपाल कानुनले हदबन्दीभन्दा बढी जग्गा बिक्री गर्न दिन सक्ने अधिकार दिएको छैन । मन्त्रिपरिषद् लगायत कुनै पनि कानुनी निकाय वा अधिकारीले कानुनले दिएको अधिकार नाघेर निर्णय गर्न मिल्दैन । विना कानुनी आधार निर्णय गरेमा त्यो निर्णय कानुन विपरीत हुन जान्छ । मन्त्रिपरिषद्ले नीतिगत निर्णयको नाममा पनि कानुन छलेर तथा कानुन विपरीत निर्णय गर्न पाउँदैन । कानुनमा कुनै व्यवस्था नभएको दैवी प्रकोप परेमा, महामारी आएमा, भूकम्पले जनधनको ज्यादै क्षति पुर्‍याएमा तत्काल उद्धार गर्ने र राहत दिने जस्ता काम नीतिगत निर्णय भित्र पर्दछन् । हदबन्दी भन्दा बढी जग्गा पतञ्जलिले सरकारको अनुमतिले किनेकोमा कानुन भन्दा बाहिर गएर सोही जग्गा बिक्री गर्न दिने निर्णय गर्न मिल्दैन ।

मन्त्रिपरिषद्को यो निर्णय सरासर कानुन विपरीत छ । जुन निर्णयलाई पुनर्विचार गर्न भूमिसुधार विभागका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँले लिखित रूपमा सूचना गरेकोमा मन्त्रिपरिषद्को निर्णयको अवज्ञा गरेको दोष लगाएर सरुवा नै गरियो । प्रमुख मालपोत अधिकृतले पनि सट्टाभर्नाको प्रश्न उठाई बिक्री कार्य रोकेकोमा ५ वर्षभित्र सट्टापट्टा कार्य सक्ने गरी कम्पनीबाट कागज गराई बिक्री गर्न दिन मन्त्रालयका तत्कालीन सचिव छविराज पन्तको लिखित आदेश पछि जग्गा बिक्री हुन सम्भव भएको थियो । प्रधानमन्त्री माधवकुमार नेपाल मन्त्रिपरिषद्ले गरेको गलत निर्णय ललितानिवास काण्डमा पनि भूमिसुधार कार्यालय काठमाडौंले मानेको थिएन । यो पतञ्जलिको विवादमा पनि उनै माधवकुमार नेपाल मन्त्रिपरिषद्को निर्णयलाई उनकै सरकारको प्रथमश्रेणीका निकट र सम्बन्धित जिम्मेवार पदाधिकारी भूमिसुधार विभागका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँले मौकैमा सरकारलाई गलत निर्णय भएको सूचना गरेका थिए । तर उनलाई नै कारबाही गरियो ।

काभ्रेका प्रमुख मालपोत अधिकृतले समेत मन्त्रिपरिषद्को निर्णयलाई हाँक दिएर बिक्रीको राजीनामा पारित नगरेर सरकारसँग नै सोधपुछ गरे । ५ वर्षभित्र सट्टापट्टा गर्न कबूल गराउनु भनेर मन्त्रालयका सचिव छविराज पन्तको लिखित आदेशपछि मात्र जग्गा बेचिएको थियो । सरकारका साना पदाधिकारी देशप्रति, कानुनप्रति कति इमानदार र बफादार रहेछन् भन्ने यो घटनाबाट देखिन आयो । तर इमानदारलाई शूली चढाउन माधवकुमार नेपाल मन्त्रिपरिषद् नै लागेको देखिन आयो । ललितानिवास प्रकरणमा मोहीको विवाद मालपोत कार्यालयबाट गराउन मन्त्रिपरिषद्बाट निर्णय गर्न झुक्किएको र विश्वासमा परेर गरेको भनेर निर्णय गर्ने प्रधानमन्त्रीलाई भ्रष्टाचारमा मुद्दा लगाइएन । पतञ्जलिको विवादमा भने मन्त्रिपरिषद्को निर्णय कानुन अनुकूल छैन पुनर्विचार गरियोस् भन्ने महानिर्देशकलाई नै निर्णय अवज्ञा गरेको आरोप लगाई २४ घण्टाभित्र मन्त्रिपरिषद्बाट स्पष्टीकरण सोधियो ।

महानिर्देशक बानियाँले मन्त्रिपरिषद्को निर्णय कानुन विपरीत छ भनी मौकैमा सूचना दिएकोमा उनी माथि नै कारबाही गरेकोले यो निर्णयमा प्रधानमन्त्रीले थाहा पाइनँ, झुक्किएँ भन्न मिल्दैन । बिक्री गर्न दिने निर्णय गराउन प्रस्ताव पेश गर्ने भूमिसुधार सचिव छविराज पन्त, मन्त्री डम्बर श्रेष्ठ, प्रधानमन्त्री माधवकुमार नेपाल र समग्र मन्त्रिपरिषद् नै दोषी हो । उनीहरू माथि अख्तियार दुरुपयोग गरेकोमा मुद्दा लगाइनुपर्दछ । यो भ्रष्टाचारको अपराध हो । कतिपय अवस्थामा लिनु-खानु गरेको प्रत्यक्ष प्रमाणबाट नदेखिने अवस्थामा पनि कामकारबाही र निर्णयबाट भ्रष्टाचार भए-गरेको पुष्टि हुन जान्छ ।

सरकारले गलत रूपमा कानुन विपरीत हदबन्दीको जग्गा बिक्री गर्न स्वीकृति दिएको छ । सरकारले स्वीकृति दिएकोले बिक्री गरेको भनी पतञ्जलिले उम्कन पाउँदैन । ५ वर्षभित्र सट्टापट्टा कार्य सक्ने गरी कम्पनीबाट कागज गराई बिक्री गर्न दिने शर्तको पालना पतञ्जलिले नगरेकाले पतञ्जलिले उम्कन पाउँदैन । पतञ्जलि योगपीठ नेपाल परिवारले त्यतिबेला जग्गा बिक्री गरेपछि सट्टाभर्ना जग्गा नकिनेकोमा अन्य विभिन्न कल्याणकारी काम गरेको भनी असार १४ गते पत्रपत्रिकामा विज्ञापन गरेर आरोपको खण्डन गरेको पाइन्छ । शर्त सहित जग्गा बिक्री गर्न दिएकोमा शर्त उल्लंघन गर्नु हदबन्दी छुट जग्गाको दुरूपयोग नै हो ।

पतञ्जलिको तर्फबाट जग्गा बिक्री गर्न निवेदन दिने र जग्गा बिक्री गर्ने लगायत काम कारबाही गर्ने सञ्चालक शालिग्राम सिंह भएकाले निजलाई पनि छानबिनको दायरामा ल्याइनुपर्ने हुन्छ । पतञ्जलिका नेपालका हर्ताकर्ता रहेका उनीमाथि मिटर ब्याजमा पतञ्जलिको ५ करोड रुपैयाँ ३५ प्रतिशतभन्दा बढी ब्याजमा लगाएको उजुरी परेको थियो । ५ करोडको गहना समेत बन्धकी राखेर फिर्ता नगरेकोमा लक्की ज्वेलर्स नयाँ सडकका प्रोप्राइटर ऋषि ठाकुरको अनुचित लेनदेन (मिटर ब्याज) जाँचबुझ आयोगमा उजुरी परेको थियो ।

पछि जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट सहमतिमा टुंग्याइएको थियो । पतञ्जलिका स्वामी रामदेवले नै सबै विकृति गरेगराए भन्ने अवस्था नहोला । तर पतञ्जलिले कानुनलाई पालन गरेर बिक्री भएको जग्गाको सट्टाभर्ना गराउनुपर्नेमा नगर्नुबाट नै नियत सफा देखिन आएन । स्वामी रामदेव बाबा, आचार्य बालकृष्ण र शालिग्राम सिंह आदि सञ्चालक कसको बदनियत हो भन्ने तथ्य त छानबिनबाट खुल्ला नै । पतञ्जलिको हदबन्दी छुटको जग्गामा लेखा समितिले पनि छानबिन थालेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि पतञ्जलिको जग्गा हिनामिनामा विस्तृत अनुसन्धान थालेको छ । रामदेव बाबाको ख्यातिमा नेपाल कानुनलाई मिचेर मन्त्रिपरिषद्बाट हदबन्दी छुटको जग्गा बिक्री गर्न दिने निर्णय गर्ने-गराउनेहरू जोसुकै भए पनि कानुनको कठघरामा ल्याइनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# सांघाई सहयोग संगठनसँग जोडिएको सवाल

✍ विपिन देव

सन् २००१ देखि शुरु भएको सांघाई सहयोग संगठन एक अब्बल बहुपक्षीय संगठन हो । पश्चिमा कूटनीतिक र रणनीतिक दबाबलाई मत्थर गर्न यस संगठनको प्रादुर्भाव भएको हो । युरेसियन क्षेत्रको प्रतिनिधित्व गरेको उक्त संगठनमा चीन, रसिया, भारत, पाकिस्तान, इरान, बेलारुस, कजाकिस्तान, किर्गिस्तान, उज्वेकिस्तान र ताजिकिस्तान रहेका छन् । सन् २०२४ को सांघाई सहयोग संगठनको समीक्षकको रूपमा अफगानिस्तान र मंगोलिया रहेको छ भने संवाद साझेदार (डाइलग पार्टनर)को रूपमा साउदी अरेबियालगायत अन्य देशहरू रहेका छन् । सन् २०२४ को सांघाई सहयोग संगठनको बैठक ४ जुलाई २०२४ मा कजाकिस्तानमा शुरु भयो । चिनिया राष्ट्रपति सी र रसियाबाट स्वयं पुटिनले भाग लिएका छन् । तर भारतबाट प्रधानमन्त्री मोदी भाग नलिनु कूटनीतिमा आफैं अर्थपूर्ण रहेको छ । मोदीको प्रतिनिधित्व गर्दै भारतका परराष्ट्रमन्त्रीले प्रतिनिधि मण्डलसहित उक्त सम्मेलनमा भाग लिएका छन् ।

सन् २०२३ मा सांघाई सहयोग संगठनको नेतृत्व भारतले नै गरेको थियो । उक्त सम्मेलन भारतले विद्युतीय माध्यमबाट परिचालित गरेको थियो । सांघाई सहयोग संगठन सामरिक र आर्थिक दृष्टिकोणले महत्वपूर्ण रहेको छ । खास अर्थमा भन्ने हो भने सेन्ट्रल एसियाली मुलुकहरू कजाकिस्तान, तुर्किस्तान, ताजिकिस्तान, उज्जेकिस्तानजस्ता मुलुकहरूको विषेश हितलाई मध्यनजर गर्दै सञ्चालित गरेको यो बहुपक्षीय सहयोग संगठन हो । आतंकवाद, कनेक्टिभिटी, आर्थिक विकास, प्रविधि हस्तान्तरण र लगानी यसका मुख्य मुद्दाहरू रहेका छन् । सांघाई सहयोग संगठनमा मोदीले भाग नलिनुका विभिन्न कारण हुन सक्ने जानकारहरूको विश्लेषण छ । संसारमा सबभन्दा अधिक वार्ता गर्ने नेताका रूपमा मोदी र सी भए तापनि विगत ५ वर्षदेखि मोदी र सी एक-अर्काप्रति वार्ताका लागि उकुसमुकुस भएको देखिँदैन । कोरोनाको कहरपश्चात् जी ट्वान्टीको बाली समिट र विक्स सम्मेलनमा एक-अर्काबीच भलाकुसारी मात्र भएको जानकारहरूको बुझाइ रहेको । जी ट्वान्टीको शिखर सम्मेलन भारतले अनुष्ठान गर्दा राष्ट्रपति सीको आगमन भएन । त्यसको कूटनीतिक जवाफको रूपमा मोदीको कजाकिस्तान यात्रा नभएको पनि एकथरीको आँकलन रहेको छ । हुन त संसद् सत्र भएकोले गर्दा प्रधानमन्त्रीले भाग लिन असमर्थता भएको भारतको परराष्ट्र मन्त्रालयको आधिकारिक टिप्पणी छ ।

सांघाई सहयोग संगठनको शिखर सम्मेलनको छायामा भारतका परराष्ट्रमन्त्री र चिनिया प्रतिनिधिमण्डलका तर्फबाट वाङ्यी वार्ता भएको छ । चीन-भारतबीचको यो उच्चस्तरीय वार्तालाई संसारका महत्वपूर्ण सञ्चार गृहहरूले सञ्चार सम्प्रेषणमा अधिक ठाउँ दिएका छन् । रसिया-युक्रेन युद्ध र इजरायल-हमास भिडन्तको छायामा चीन-भारतबीच सीमासम्बन्धी सम्झौता बल्झिएको खण्डमा यसबाट हुन सक्ने रक्तपातको असर विश्व समुदायले नै बेहोर्नुपर्ने जानकारहरूको बुझाइ छ । विगत पाँच वर्षदेखि भारत-चीनबीच सीमा विवाद चुलिएको छ । समस्यालाई निरुपण गर्न सैनिक स्तरबाट २१ पटक वार्ता भइसकेको छ । अधिकारी स्तरको वार्ताले कुनै पनि निर्क्योल गर्न नसक्ने जानकारहरूको बुझाइ छ । विगत पाँच वर्षदेखि दुईवटै मुलुकले एक-अर्काविरुद्ध सैनिक तैनाथ गरेका छन् ।

चीनले सीमावर्ती इलाकामा ६२० गाउँ निर्माण गर्दै बस्ती बसाएको छ भने १२५ गाउँ निर्माण गर्ने गुरुयोजना बनाएको छ । सीमावर्ती क्षेत्रमा रेलवे, रोडवेलगायत पूर्वाधार निर्माण गरिरहेको छ । यहाँसम्म कि जे टु सेल फ्यालटसमेत तैनाथ गरेको छ । सन् २०१४ देखि मोदी सरकारले बोर्डर पूर्वाधारमा तीव्रता दिएको छ । डेपासांग र डेपचौग इलाकामा तैनाथ शिथिलीकरणतर्फ प्रयाससमेत भएको छ । ती तनावका बाबजुद पनि दुई मुलुकहरूबीच १३५ बिलियन डलरको व्यापार रहेको छ । वाङगी र डा. जयशंकरको वार्ताले केही संकेतहरू दिएका छन् । दुई देशका प्रतिनिधिहरूबीच भएको वार्ताप्रति विभिन्न कोणबाट संश्लेषण र विश्लेषण भएको छ । मोदी तेस्रोपटक प्रधानमन्त्री हुनेबित्तिकै ताइवानका प्रधानमन्त्रीले बधाई दिएका थिए । मोदीले समेत धन्यवाद ज्ञापन गरेका थिए । चिनिया कम्युनिस्ट पार्टीको मुखपत्र ग्लोबल टाइम्सको माध्यमबाट चीनले उक्त औपचारिकताप्रति घोर आपत्ति र खेद प्रकट गरेको थियो । अर्थात् सन्धि र सम्झौताको मर्मअनुसार भारत एक चीनको पक्षमा रहेकोले ताइवानसँग कूटनीतिक सम्पर्क र सम्बन्ध भारतले राखेकोप्रति चीनले असन्तुष्टि व्यक्त गरेको थियो । अर्थात् सन् १९५४ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरु र चिनिया नेतृत्व चाँउ इन लाईबीच पञ्चशीलको आधारमा भएको सम्झौतालाई भारतले मानमर्दन गरेको चीनको आरोप रहेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बढ्यो घरजग्गा कारोबार, बढेन राजस्व



काठमाडौं/गत आर्थिक वर्ष २०८०/८१ मा घरजग्गा कारोबार सुधार भए पनि तुलनात्मक रूपमा न्यून मूल्य भएको क्षेत्रमा कारोबार वृद्धि हुँदा राजस्व भने खासै बढ्न सकेन । आव २०७९/८० को तुलनामा गत आव घरजग्गा कारोबारमा हुने लिखित पारित १५.६२ प्रतिशतले बढेर ५ लाख ३५ हजार ६ सय ७ पुगेको भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांक छ ।

२०७८/७९ को तुलनामा गत आव लिखत पारित ३८ प्रतिशतले घटेर ४ लाख ६३ हजार ३ सय २२ मा सीमित थियो । २०७८/७९ मा ७ लाख ४५ हजार लिखत पारित भएको थियो । गत आवको तुलनामा जग्गा कारोबारमा केही सुधार भए पनि २०७८/७९ को तुलनामा न्यून हो । यसले सरकार तथा राष्ट्र बैंकले घरजग्गा कारोबार चलायमान बनाउन भन्दै विभिन्न लचकता अपनाएपछि अपेक्षाकृत रूपमा घरजग्गा कारोबार बढ्न नसकेको देखाउँछ ।

सरकारले घरजग्गा कारोबारमा शिथिलता देखिएको र समग्र अर्थतन्त्रमै त्यसको प्रभावले आर्थिक गतिविधि संकुचन भएको भन्दै भदौ २०८० मा भूउपयोग नियमावली २०७९ मा पहिलो संशोधन गरेको थियो । जेठ २०७९ मा आएको भूउपभोग नियमावली १५ महिनामै संशोधन गरे पनि त्यसले घरजग्गा कारोबारको शिथिलतालाई ठूलो राहत दिन भने सकेन । न्यूनतम १ सय ३० वर्गमिटर भन्दा सानो टुक्रामा जग्गा कित्ताकाट गर्न नपाइने गरी आएको भूउपयोग नियमावली संशोधन गर्दै सरकारले ८० वर्गमिटरमा समेत कित्ताकाट गर्न सक्ने व्यवस्था गरेको थियो ।

यस्तै जग्गा वर्गीकरण नगरी कित्ताकाट गर्न नपाइने व्यवस्था संशोधन गर्दै वर्गीकरण गर्ने समय थप तथा भूउपयोग कार्यक्रम सञ्चालन गर्ने मिति समेत सूचना प्रकाशित भएको दुई वर्षपछि मात्रै सञ्चालन हुनेजस्ता व्यवस्था संशोधन मार्फत गरेको थियो । नियमावली संशोधन मार्फत जग्गा वर्गीकरण गर्ने समय थप, कित्ताकाटमा लचिलो नीति जस्ता व्यवस्थाबीच घरजग्गा कारोबारमा शिथिलता देखिएको हो ।

यता, नेपाल राष्ट्र बैंकले घरजग्गा कारोबार सहज बनाउने भन्दै चालु आवको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा मार्फत ५० लाखसम्मको आवासीय घर कर्जाको कर्जा आम्दानी अनुपात बढाएको थियो । त्यसमा परिमार्जन गर्दै मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा मार्फत कर चुक्ता प्रमाणपत्रका आधारमा घरजग्गा खरिदका लागि सबै कर्जामा कर्जा आम्दानी अनुपात बढाएर ७० प्रतिशत पुऱ्याएको छ ।

'घरजग्गा खरिद प्रयोजनका लागि ऋण भुक्तानी आम्दानी अनुपात सहजीकरण गरी कर चुक्ता प्रमाण पेस गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिने छ,' मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामा छ । जेठ पहिलो साता आएको मौद्रिक नीति समीक्षाले व्यक्तिगत रूपमा घरजग्गा किन्ने वा कारोबार गर्नेलाई थप सहज बनाएको छ ।

यस्तै राष्ट्र बैंकले धितो मूल्यांकन आधारमा कर्जा पाउने सीमा (लोन टु भ्यालु रेसियो) पनि उपत्यकाभित्र ३० प्रतिशतसम्म झारेकोमा त्यसलाई बढाउँदै लगेर ५० प्रतिशत कायम गरिएको छ । आवासीय घर कर्जा सीमा १ करोड ५० लाखबाट बढाएर २ करोड पुऱ्याइएको छ । यस्तै रियल इस्टेट सम्बन्धी कर्जाको जोखिम भार १ सय ५० बाट घटाएर १ सय २५ प्रतिशत कायम गरिएको छ ।

सरकार र राष्ट्र बैंकले घरजग्गा कारोबारलाई चलायमान बनाउन भन्दै विभिन्न लचकता अपनाए पनि त्यसले गत आवमा सकारात्मक परिणाम दिन नसकेको तथ्यांकले देखाउँछ । घरजग्गा कारोबारको लिखत पारित तथ्यांक हेर्दा हरेक महिनाजसो सुनसरी इनरुवा, झापा भद्रपुर, मोरङ बेलबारी तथा मधेशका मालपोत कार्यालय अगाडि छन् । नयाँ सहरका रूपमा विकास हुँदै गरेका र तुलनात्मक रूपमा जग्गाको मूल्य न्यून भएका मालपोत कार्यालयमा जग्गा कारोबार उच्च हुँदा लिखत पारित बढे पनि राजस्व बढ्न सकेको देखिँदैन ।

गत आव साढे १५ प्रतिशतभन्दा बढीले लिखत पारित बढ्दै गर्दा जग्गा कारोबारबाट सरकारले प्राप्त गर्ने राजस्व भने ३ प्रतिशतले मात्रै बढेको विभागको तथ्यांकले देखाउँछ । २०७८/७९ मा ५७ अर्ब ६६ करोड ९९ लाख बराबर मालपोत कर संकलन भएको थियो । २०७९/८० मा यस्तो राजस्व २९ प्रतिशतले घटेर ४१ अर्ब १५ करोड ७६ लाख राजस्व संकलन भएकोमा गत आव भने सामान्य बढेर ४२ अर्ब ४२ करोड १ लाख पुगेको छ ।

आवको अन्तिम त्रैमासमा मालपोत करमा देखिएको सुधारका कारण गत आव मालपोत कर समग्रमा बढेको देखिएको हो । असार मा मात्रै ५ अर्ब २ करोड ३६ लाख राजस्व संकलन हुँदा जेठमा ४ अर्ब ३३ करोड ९२ लाख र वैशाखमा ३ अर्ब ८६ करोड ३८ लाख मालपोत कर संकलन भएको छ ।

२०७९/८० असारमा ४ अर्ब २७ करोड ४३ लाख, जेठमा ३ अर्ब ७५ करोड ६० लाख र वैशाखमा ३ अर्ब ४८ लाख मालपोत कर संकलन भएको थियो । २०७९ चैतमा ४ अर्ब ५१ करोड २७ लाख राजस्व संकलन हुँदा २०८० चैतमा ३ अर्ब ९४ करोड ८१ लाख संकलन भएको थियो ।

गत आव समग्रमा लिखत पारित बढे पनि आव अन्तिम महिना भने बढ्न सकेन । २०८०/८१ माघमा ५० हजार ९ सय २१, फागुन ५० हजार ९ सय ९८, चैत ५० हजार २ सय ५२ र वैशाखमा ४९ हजार ७ सय ८२ वटा लिखत पारित भएको थियो । जेठमा बढेर ६१ हजार १ सय ६१ लिखत पारित भएकोमा असार घटेर ४४ हजार ५ सय ७९ मात्रै पारित भएको विभागले जनाएको छ ।

२०७९/८० असारमा ४४ हजार ४ सय ८५ लिखत पारित भएकोमा गत आवमा सामान्य मात्रै बढेको छ । सोही वर्ष जेठमा ५५ हजार ६९, वैशाख ४२ हजार २ सय ६१, चैत ४९ हजार १ सय ५०, फागुन ४० हजार ७ सय ३४ र माघमा ४१ हजार ८६ लिखत पारित भएको थियो ।

### असारमा कारोबार नबढ्दा पनि राजस्व बढ्यो

२०७९/८० असारमा कारोबार बढ्न नसके पनि राजस्व भने बढेको छ । उक्त अवधिमा कुल ४२ अर्ब ४२ करोड राजस्व संकलन हुँदा असारमा मात्रै ५ अर्ब २ करोड राजस्व संक्लन भएको छ । २०७९/८० असारमा ४ अर्ब २७ करोड ४३ लाख राजस्व संकलन भएकोमा गत असारमा १७.५३ प्रतिशतले बढेको हो । जबकि, असारमा लिखत पारित भने ०.२१ प्रतिशतले मात्रै वृद्धि भएर ४४ हजार ५ सय ७९ पुगेको छ । २०७९/८० असारमा ४४ हजार ४ सय ८५ लिखत पारित भएको थियो । रजिस्ट्रेसन दस्तुर र पूँजीगत लाभकर दुवैमा भएको वृद्धिले राजस्व बढेको हो । असारमा मात्रै २ अर्ब ९५ करोड ३५ लाख रजिस्ट्रेसन दस्तुर र १ अर्ब ७२ करोड ४७ लाख ६८ हजार राजस्व बढेको छ ।

असारमा काठमाडौं, भक्तपुर र ललितपुर लगातय उच्च मूल्य भएका जग्गा कारोबार बढ्दा राजस्व बढेको हो । बैंकरहरू पनि धितो लिलामीको साना-साना टुक्रा जग्गा बिक्री हुन लागेको बताउँछन् । लिखत पारितमा सहरीकरण हुँदै गरेका मधेश प्रदेश र कोसी प्रदेशका मालपोत कार्यालय अगाडि देखिएका छन् । राजस्व संकलनमा भने उपत्यकाका मालपोत अगाडि छन् । असारमा भक्तपुर मालपोतले ललितपुरको लगनखेल मालपोतलाई पछि पार्दै सबैभन्दा धेरै ५४ करोड ७२ लाख राजस्व संकलन गरेको छ ।

जेठमा भक्तपुर मालपोतबाट ३० करोड ६३ लाख २६ हजार मात्रै राजस्व संकलन भएको थियो । जेठमा ४० करोड ४९ लाख ५१ हजार राजस्व संकलन भएको ललितपुर लगनखेल मालपोतबाट असारमा ५० करोड ७० लाख राजस्व संकलन भएको छ । यस्तै काठमाडौंका डिल्लीबजार मालपोत कार्यालयबाट ४४ करोड ३ लाख, कलंकी मालपोत २७ करोड ६६ लाख र चाबहिल मालपोत कार्यालयबाट २४ करोड ३४ लाख राजस्व संकलन भएको छ ।

सबैभन्दा धेरै लिखत पारित भएको सुनसरी इनरुवा मालपोतमा १४ करोड ८ लाख राजस्व संकलन हुँदा कास्कीमा १४ करोड ८ लाख र चितवनमा १४ करोड ३ लाख संकलन भएको छ । यस्तै पर्सामा १२ करोड ८७ लाख राजस्व संकलन भएको छ । असारमा पनि लिखत पारितमा भने नयाँ सहर विकास हुँदै गरेका मध्य तराईका मालपोत अगाडि छन् ।

असारमा सबैभन्दा धेरै लिखत पारित मालपोत कार्यालय इनरुवामा भएको छ । उक्त मालपोतमा जेठमा २ हजार १ लिखत पारित भएको छ । धुनषा जनकपुरधाम मालपोत कार्यालयबाट १ हजार ८ सय १, झापा भद्रपुर १ हजार ५ सय ७९, मोरङ बेलबारीमा १ हजार ३ सय ८३ लिखत पारित भएको छ । जेठमा पनि धेरै लिखत पारित हुनेमा यिनै मालपोत अगाडि थिए । मालपोत कार्यालय राजविराजबाट १ हजार ३ सय ८, भक्तपुर १ हजार २ सय १६, पर्सा १ हजार २ सय ४, लगनखेल १ हजार १ सय २९ र कलैया मालपोतबाट १ हजार १ सय २५, सिरहा लहान १ हजार ८५, महोत्तरी जलेश्वर १ हजार ६६ र मलंगवा मालापोतबाट १ हजार ६० लिखत पारित भएको छ ।

(स्रोत: अनलाइनखबर)

# 'खुस्मा'को गीतमा धीरज र उपासनाको फक्रिएको प्रेम



काठमाडौं/संविधान दिवसको अवसर पारेर आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'खुस्मा'को पहिलो रोमान्टिक गीत 'खुशीका फूल बटुलेर' युट्युबमार्फत् सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक गीतमा एसडी योगी र विज्ञानी पराजुलीको संयुक्त गायन रहेको छ भने राम अविरल विष्टको शब्द रचना तथा गायक योगी स्वयंले संगीत भरेका छन् । गीत कर्णप्रिय सुनिन्छ ।

सुरेन्द्र राईको कोरियोग्राफीमा तयार भएको गीतमा फिल्मका मुख्य अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी फिचर्ड छन् । गीतमा उनीहरुबीच फक्रिएको प्रेम देखाइएको छ । र, दुवैको केमेस्ट्री सुहाएको छ । गीतमा पूर्वी रुकुमका सुन्दर दृश्यहरु कैद छन् । निर्देशक तथा लेखक अशोक थापामगरले फिल्ममा यो गीतलाई कथावाचनको रुपमा समावेश गरिएको बताएका छन् ।

मगर समुदायको पृष्ठभूमिमा बनेको फिल्ममा धीरज र उपासनासहित माओत्से गुरुङ, खड्कबहादुर पुन (खबपु), सुजता राई, राज थापा काउचा, विजय संयोक सुब्बा, राजु रेग्मी मगर, अस्तित्व भट्टचन, संगीता थापा मगर, सारा राई, विवेश मगर, दुईसाङ थिङ, श्वेता मिश्र, अरुण पुन मगर आदिको अभिनय छ । द्वन्द्वकालीन समयको प्रेमकथामा आधारित भएर फिल्म बनेको जनाइएको छ ।

फिल्मको निर्माताहरुमा वीर बहादुर लामा, चन्द्र बहादुर भट्टचन र बेतान मगर छन् भने सह-निर्माताहरु मान बहादुर धनाह मगर र सुस्मिता बुढाथोकी हुन् । मोहन राई कार्यकारी निर्मातामा छन् । गोविन्द शाहीले वितरण गर्न लागेको फिल्ममा दीपक बज्राचार्यको छायांकन, एसडी योगी र छान्जु पार्कको संगीत तथा सुरेन्द्र राना, राम अविरल विष्ट र निर्देशक थापा मगर स्वयंको शब्द रचना छ ।

# कोरियाली भाषामा प्रदर्शन हुँदै 'गोर्खा वारियर', ७ वर्षका लागि बिक्री




काठमाडौं/गत फागुनमा प्रदर्शन भएको फिल्म 'गोर्खा वारियर'ले अपेक्षाकृत व्यापार गर्न सकेन । तर, फिल्मको मेकिङ र कथावस्तुको प्रशंसा भएको थियो । अब यो फिल्म कोरियाली भाषामा प्रदर्शन हुने भएको छ । त्यसका लागि पोस्टर सार्वजनिक गरिएको छ । निर्देशक मिलन चाम्सले कोरियन कम्पनी मुभमेन्ट पिक्चर्स कर्पले ७ वर्षका लागि फिल्मको प्रदर्शन अधिकार खरिद गरेको जानकारी दिए ।

फिल्म कोरियाली भाषामा रिलिज हुने भएपछि खुसी व्यक्त गर्दै निर्देशक चाम्सले फेसबुकमा लेखेका छन्, 'फिल्म कुनै विशेष ठाउँ, भाषा र देशका लागि हुँदैन । यो सबैको लागि हुन्छ, यो संसारभरिको लागि हुन्छ । यही नवीन सोचको साथ मैले परिकल्पना गरेको थिएँ, 'गोर्खा वारियर' । आज त्यही सपनाको एक अंश पूरा भएको छ । फिल्म कोरियन भाषामा प्रदर्शन हुने खबरले उत्साहित छु ।'

फिल्मलाई कोरियनमा स्वरांकन (डबिङ) गरेर त्यहाँका सिनेमा हलसहित टेलिभिजनमा रिलिज गरिने जनाइएको छ । पहिलोपटक नेपाली फिल्म कोरियन भाषामा रिलिज हुन लागेको हो । विश्वकै ठूलो फिल्म बजार मानिने कोरियामा 'गोर्खा वारियर'को रिलिजले नेपाली फिल्मका लागि नै बाटो खुलाउन सक्ने अपेक्षा गरिएको छ । यो फिल्मको अंग्रेजी र हिन्दी भाषामा समेत डब भइरहेको छ ।

निर्देशक चाम्स र गिरीराज घिमिरेको लेखन रहेको फिल्ममा विजय लामा, रितेश चाम्स, रियर राई, रेविका गुरुङ, शिशिर वाङ्देल, कविता आले, सुरज तमु, विरुप गोले, त्रिचु राई, दिग्गज खत्री लगायतको अभिनय छ । सन् १९४९ मा 'मलाया इमरजेन्सी जंगल वार'मा नेपाली गोर्खा सैनिकले देखाएको बहादुरीको कथामा आधारित भएर निर्माण भएको फिल्मका छायाँकार सुदीप बराल हुन् ।

# त्रिवि क्रिकेट मैदान धमाधम गरिँदैछ स्तरोन्नति

काठमाडौं/गत जेठ पहिलो साता ललितपुर मेयर्स वुमन्स च्याम्पियनसिप फाइनलपछि त्रिवि क्रिकेट मैदान खाली छ । नेपाल टी-२० विश्वकप खेल्न अमेरिका र वेष्टइण्डिज गएपछि र वर्षायाम सुरु भएकाले प्रतियोगिताहरु भएनन् ।

एसीसी वुमन्स एसिया कप खेल्न जानुअघि महिला टोलीले घाम लागेको दिन त्रिवि मैदानमा अभ्यास गरेको थियो । तर औपचारिक खेलहरु भने भएका छैनन् । मनसुन सुरु भइसकेको र निरन्तर पानी पर्ने भएकाले भदौअघि त्रिवि मैदानमा बिरलै खेलहरु हुने गर्छन् । यसै समयमा त्रिवि मैदान स्तरोन्नतिको काम हुन्छ ।

अहिले त्रिवि क्रिकेट मैदानमा स्तरोन्नतिको काम धमाधम चलेको छ । 'पिचको जरासम्म गएर बिग्रिएको लेयर हटाउन हामीले चार इन्च जति माटो फालेर नयाँ माटो हालेका थियौं । रोलर लगाएपछि घाँस रोप्ने काम सकियो । घाँस राम्रो आएको हुँदा लास्ट लेयरको रुपमा धुलोमाटो हालेर काम गरी रहेका छौं', त्रिवि मैदानका मैदानका प्रमुख क्युरेटर मधु थोकरले भने । मैदानको पिच कस्तो बनाउने यो चार महिनामा गर्ने कामले निर्धारण गर्दछ ।

'घाँसको जरा जति मुनिसम्म जान्छ त्यतिसम्म विकेट राम्रो भइराख्छ । चिसो सुरु भएपछि माथिको मुनाहरु फाल्नुपर्ने हुन्छ र जरा जानुपर्ने जति तल जादैन', उनले भने । क्रिकेट मैदानमा गर्नुपर्ने सुधारका लागि यही नै उपयुक्त समय भएको थोकर बताउँछन् । 'तर पानी बढी हुँदा काम गर्न सहज भने हुँदैन । तीन चार महिना पिच राम्रो बनाउन उपयुक्त समय हो । जरा जति तलसम्म पुग्छ त्यति लामो समयसम्म विकेट टिक्छ ।'

त्रिवि मैदानकै नेटमा पनि नयाँ पिच बनाउने काम भएको छ । त्यसको लागि अहिले पिचको खाडलमा ढुङ्गा र बालुवा हालिएको छ । बंगलादेश क्रिकेट बोर्डको सहयोगमा गतवर्ष मूलपानी क्रिकेट मैदान बनाएका क्युरेटर मोहम्मद अब्दुल अल ममुनले नेटमा पिचको काम गरेका छन् । नेपाल क्रिकेट संघ (क्यान) का प्रवक्ता छुम्बी लामाका अनुसार अहिले भएको मैदान बाहिरको तारजाली पनि सारिनेछ । त्यसले गर्दा मैदानमा बाउन्ड्री केही बढ्नेछ ।

हावाले साइड स्क्रिन समय समयमा लडाउने गर्छ । त्यसको दीर्घकालीन समाधान खोज्न क्यानले प्रयास गरेको छ । हाल दुबै साइड स्क्रिन तेर्सो राखिएको छ । 'अहिले भएको साइडस्क्रिन पछि फिक्स गर्ने योजना छ । त्यसलाई पछाडि सार्दै लाइभ गर्न नमिल्ने गरी चलाउन मिल्ने खालको बनाउदै छौं', उनले भने ।

डिजिटल स्क्रिन बोर्ड राख्नलाई सानो भवन बनाइएको छ । स्कोर बोर्डकै छेऊमा बनेको उक्त भवनको अन्य काम गर्न भने बाँकी छ । उक्त डिजिटल स्कोर बोर्ड बनाउन ७ करोड २० लाख रुपैयाँ अनुमानित लागत राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले राखेको थियो । भवनको कामको ठेक्का पञ्चकन्या हिमालय जेभीले पाएको छ । निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २०७९ चैतमा फ्लड लाइट राख्न निर्देशन दिएका थिए । तर फ्लड लाइट राख्ने सुरसार छैन । गतवर्ष दर्शकदीर्घामा माटो परिक्षण बाहेक अन्य काम अघि बढ्न सकेन ।

राखेपले गतवर्ष कात्तिकमा एमएसआईपीएल एएससी पावर जेभीलाई २७ करोड ४० लाख २ हजार २२ रुपैयाँमा फ्लड लाइट जोड्न ठेक्का दिएको थियो । तर आवेदन दिएका अन्य चार कम्पनीले आफूलाई नियतवश फेल गराएको भन्दै उच्च अदालत पाटनमा मुद्दा दिएपछि उक्त ठेक्का रद्द भएको थियो ।

राखेपले फ्लड लाइटको लागि चैत ११ मा ८२ करोड ६१ लाख अनुमानित लगात राख्दै बोलपत्र आह्वान गरेको थियो । अघिल्लो सातासम्म पाँच कम्पनीले आवदेन दिँदा राखेपले टुङ्गो लगाउन सकेको छैन ।

### कातिकमा त्रिविमा पुरुष टोलीको खेल

टी-२० विश्वकप खेलेर आएरसँगै नेपालको हाल अन्तर्राष्ट्रिय खेल छैन । नेपालले अब सेप्टेम्बरमा क्यानडा भ्रमण गर्नेछ । नेपाली क्रिकेट टोलीका खेलाडीहरु पनि त्यसैको तयारी गरेका छन् । रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल लगायतका खेलाडीहरुले त्रिविमा अहिले अभ्यासरत छन् ।

सेप्टेम्बरमा नेपाल, ओमान र क्यानडाबीच त्रिकोणात्मक टी-२० आई तथा आईसीसी लिग-२ सिरिज हुनेछ । लिग-२ त्रिकोणात्मक सिरिजपछि नेपालले क्यानडसँग दुई ओडीआई खेल खेल्नेछ । नेपालले झण्डै एक महिना क्यानडामा बिताउनेछ ।

(स्रोत: अनलाइनखबर)

# वीर अस्पतालमा दुई दिन अपरेसन ठप्प

काठमाडौं/जोखिम भत्ता नपाएको भन्दै वीर अस्पतालका चिकित्सकले दुई दिन अपरेसन रोकेका छन् । जोखिम भत्ता नपाएको विषय उठाएर एनेस्थेसिया चिकित्सकहरु आइतबार र सोमबार अपरेशन थियटरमा काम गर्न गएनन्, जसले ८० वटा शल्यक्रिया रोकिएको छ ।

'आकस्मिक रुपमा हुने केही शल्यक्रिया भयो, तर एनेस्थेसिया विभागले सेवा अवरुद्ध गर्दा योजना बनाइएका कुनै पनि अप्रेशन हुन सकेन', एक वरिष्ठ शल्यचिकित्सक संचारकर्मीसँग भने । अस्पताल प्रशासनलाई जानकारी समेत नदिएर अपरेसन रोकेको वीरका निर्देशक डा. सन्तोष पौडेलले जानकारी दिए । 'अस्पताल प्रशासनलाई जोखिम भत्ताको विषयमा कुनै लिखित जानकारी थिएन । एकाएक आइतबार बिहान सेवा अवरुद्ध भएको सूचना प्राप्त भयो', डा. पौडेलले भने, 'चिकित्सकको पेसागत मर्यादालाई कायम राख्न सक्नुभएन ।' जोखिम भत्ताको मागबारे आइतबार दिँउसो छलफल गर्ने गरी सेवा सञ्चालन गर्न अनुरोध गर्दा नमानेको उनको गुनासो छ ।

सरकारले एनेस्थेसिया चिकित्सकको सेवा सुविधा कम भएको भन्दै प्रोत्साहन स्वरुप १०० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउँदै आएको थियो । करारमा भएको चिकित्सकलाई भने अस्पताल प्रशासनले आन्तरिक स्रोतबाट भत्ता दिँदै आएको थियो । पछिल्लो समय त्यो भत्ता कटौती भएको थियो ।

त्यसको विरोधमा एनेस्थेसिया चिकित्सक अपरेसन थिएटरमै नगएका हुन् । शल्यक्रियाका लागि लामो समयदेखि बिरामीले पालो लिएर बसेका छन् । एकाएक अपरेसन स्थगित हुँदा उनीहरु निकै मर्कामा परेका छन् ।

अस्पताल प्रशासनले पनि एनेस्थेसिया विभागीय प्रमुख डा. रबिराम श्रेष्ठसँग स्पष्टीकरण सोधेको छ । बिना जानकारी अपरेसनजस्तो संवेदनशील स्वास्थ्य सेवाहरु अवरुद्ध गरेको भन्दै डा. श्रेष्ठलाई सोमबार नै लिखित स्पष्टीकरण दिन निर्देशन दिइएको थियो । नेपाल संविधानले सुनिश्चित गरेको अत्यावश्यक स्वास्थ्य सेवा पाउने जनताको मौलिक अधिकार लाई हनन गरेको र कानूनले बर्जित गरेको-(नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ६२) को गतिविधिमा संलग्न भएकोले कानुन अनुसार किन कारबाही गर्न भन्दै निर्देशकले पत्र काटेका थिए ।

'के कति कारणले उक्त गतिविधिमा संलग्न हुनुभएको हो ? यहाँहरुलाई कानून अनुसार कारवाही किन नगर्ने ? स्पष्ट खुलाई सोमबार कार्यालय समय भित्र लिखित जवाफ पेश गर्नुहुन जानकारी गराइन्छ,' अस्पताल निर्देशक डा. सन्तोष पौडेलले पत्रमा भनेका छन् ।

अस्पताल प्रमुखले कारबाहीका लागि पत्र काटेपछि एनेस्थेसिया विभागका चिकित्सकहरु सम्वादमा आएका छन् । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का उपकुलपति प्रा.डा भुपेन्द्र बस्नेत, अस्पताल निर्देशक डा. सन्तोष पौडेल, एनेस्थेसिया विभागका चिकित्सक सोमबार साँझ छलफलमा बसेका थिए । अस्पताल प्रशासनले यही हप्ता जोखिम भत्ता पठाउने बताएपछि मंगलबारबाट सेवा सञ्चालन भएको छ ।

(स्रोत: अनलाइनखबर)

# बोर्ड अध्यक्षका लागि रस्साकस्सी सुरु, करिश्मा र दिनेश बलियो दाबेदार

काठमाडौं/नेपाली फिल्म क्षेत्रको सर्वोच्च संस्था चलचित्र विकास बोर्डको अध्यक्ष पद यही साउन ९ गतेबाट रिक्त हुँदैछ । अर्थात् भुवन केसीको कार्यकाल सकिँदैछ । उनी बोर्डबाट विदा हुन एक हप्ता बाँकी हुँदा अध्यक्षका लागि फिल्मकर्मीहरुको दौडधुप सुरु भैसकेको छ । असारको सुरुवातसम्म माओवादी निकट फिल्मकर्मीहरु अध्यक्षका लागि 'लबिङ'मा थिए । त्यसबेला सरकार माओवादीको थियो ।

तर, अहिले एमाले र कांग्रेसको संयुक्त सरकार बनेका कारण अध्यक्षका लागि आकांक्षीको अनुहार फेरिएको छ । सञ्चार मन्त्रालय (बोर्डको तालुकवाला निकाय) एमालेले पाएकाले यही पार्टीका फिल्मकर्मीहरुले सक्रियता बढाइरहेका छन् । र, आकांक्षीको संख्या बढ्दो देखिन्छ । केहीले नवनियुक्त प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई समेत भेट गरिसकेको जनाइएको छ ।

बोर्ड अध्यक्षका लागि सबैभन्दा बलियो दाबेदारमा दुई अनुहार देखिएका छन्, अभिनेत्री करिश्मा मानन्धर र निर्देशक दिनेश डिसी । जगजाहेर छ, उनीहरु एमाले हुन् । सदस्यता समेत छ । र, उनीहरु दुवै प्रधानमन्त्री ओलीसँग सिधै पहुँच राख्ने फिल्मकर्मी हुन् । यसैले ओलीले बोर्ड अध्यक्षका लागि चासो देखाएको अवस्थामा करिश्मा र दिनेशमध्ये एक हुनसक्ने सम्भावना प्रवल देखिएको छ ।

यसअघि एमाले सरकारमा रहँदा स्वर्गीय केशव भट्टराई र दयाराम दाहाललाई बोर्ड अध्यक्ष बनाउन दिनेशको ठूलो भूमिका थियो । त्यसबेला उनले अध्यक्ष बन्न इच्छा देखाएनन् । तर, यसपटक उनी आफैं बोर्ड अध्यक्षका लागि लबिङमा छन् । सोमबार प्रधानमन्त्री तथा मन्त्रीहरुको शपथ ग्रहणमा ओलीलाई बधाई दिन दिनेश राष्ट्रपति भवनमै पुगेका थिए । यसले पनि उनको दौडधुप देखाउँछ ।

२०७८ सालमा एमाले बनेकी करिश्माले आफूले बोर्ड अध्यक्षका लागि 'लबिङ' नै नगरेको बताएकी छन् । यद्यपि, पार्टीले जिम्मेवारी दिए सम्हाल्न तयार रहेको उनको भनाई छ । ३ वर्षमा पार्टीले उनलाई चुनाव प्रचारमा अनुहार भजाउनबाहेक अरु कुनै जिम्मेवारी दिएको छैन । त्यसैले उनलाई पार्टीमा टिकाइराख्न पनि बोर्ड अध्यक्ष दिन सक्ने सम्भावना छ । र, उनी पनि विश्वस्त देखिएकी छन् । नेपाल चलचित्र संघका अध्यक्ष तथा 'लुट' निर्माता नरेन्द्र महर्जन, पूर्व बोर्ड सदस्य तथा निर्माता अर्जुन कुमार, सांस्कृतिक संस्थानका पूर्वअध्यक्ष राजेश थापाले पनि बोर्ड अध्यक्षका लागि आफू निकट एमालेका नेता तथा मन्त्रीसँग लबिङ गरिरहेको स्रोतको दाबी छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पालुङ बहुउद्देश्यीयको नाफा ५ करोड बढी

साझाकुरा संवाददाता



हेटौंडा, १ साउन/थाहा नगरपालिकामा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले पाँच करोड भन्दा बढी मुनाफा आर्जन गरेको छ । आर्थिक बर्ष २०८०/८१ को असार मसान्तसम्म कर अगाडि संस्थाले ५ करोड २९ लाख मुनाफा गर्न सफल रहेको संस्थाका सहव्यवस्थापक रामप्रसाद ढकालले जानकारी दिए ।

संस्थामा १० हजार ७ सय सेयर सदस्य पुगेको र ऋणी सदस्य ३ हजार ३५६ रहेको बताउदै आर्थिक वर्ष २०८०/८१ को खाताबन्दीसम्ममा बचत ७४ करोड ५० लाख र ऋण लगानी ९७ करोड ३० लाख र तरलता २२ प्रतिशत रहेको जानकारी दिएका छन् । गत आर्थिक वर्षमा संस्थाको निक्षप संकलन ५८ करोड र ऋण लगानी ९५ करोड रुपैयाँ रहेको थियो।

थाहा नगरपालिका-४ थानाबजारमा मुख्य कार्यालय रहेको संस्थाले हेटौंडा तथा बज्रवाराहीमा सेवाकेन्द्र खोली सेवा दिदै आइरहेको छ । हाल संस्थाले ऋण तथा बचत, लघुबित्त सेवा, रासायनिक मल बिक्रीवितरणलगायत कृषिक्षेत्रमा हाइटेक नर्सरी, कोल्ड चेम्बर, कृषि तथा पशुप्राविधिक सेवा र यो वर्षदेखि तरकारी बजारीकरण सेवा प्रदान गर्दै आइरहेको संस्थाका मुख्य व्यवस्थापक प्रकाश पौडेलले जानकारी दिएका छन् ।

हाल सहकारीले सहकारी बजार विकास कार्यक्रमका साथै प्रविधिको उच्चत्तम प्रयोगलाई आत्मसात गरिरहेको संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्टले बताएका छन् । विष्टका अनुसार संस्थाले ईन्टरनेट बैंकिङ, मिसकल बैंकिङ, कनेक्ट आइपियस सेवा, रेमिटेन्स सेवा सहित मानवसंसाधन विकासअन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम गोष्ठीमा सहभागी गराउदै आइरहेको बताए ।

स्थापनाकालदेखि नै शेयर सदस्यलाई १५ प्रतिशत नघटाई लाभांश दिदै आएको यो संस्थाले यसवर्ष पनि सहकारी संस्थाले वितरण गर्न सक्ने अधिकतम प्रतिशत अर्थात १८ प्रतिशत लाभांश दिन सक्षम भएको बताइएको छ । राष्ट्रिय कर दिवस २०८० को अवसरमा थाहा नगरपालिकामा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड उत्कृष्ठ करदाताको रुपमा सम्मानित भएको थियो ।

## ब्युटिसियनको चियापान

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ अखिल नेपाल ब्युटिसियन श्रमिक संघको प्रथम स्थापना दिवसको अवसरमा जिल्ला कमिटी मक्वानपुरले शुभकामना आदानप्रदान सहित चियापान गरेको छ ।

सोमबार बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मन्त्री मोक्तानले आफूले जानेको सीपलाई व्यवसायमा परिणत गरी उद्यमशील हुनुपर्ने बताइन् । कार्यक्रममा प्रमुख अतिथि मोक्तानले व्यवसायीहरु संगठित भए आपसी सहयोग र सहकार्यको लागि सहयोगी हुने बताइन् ।

अखिल नेपाल ब्युटिसियन श्रमिक संघ जिल्ला कमिटी मकवानपुरकी अध्यक्ष कुमारी लामाको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा माओवादी जिल्ला संयोजक भीम पाखिन, सचिव बीरबहादुर घलान ज्वाला, प्रदेश कमिटी सदस्य सर्केश घलान, सीता पुलामी, हेटौंडा उपमहानगर कमिटी अध्यक्ष तीर्थबहादुर थापामगर, अखिल क्रान्तिकारी मकवानपुर जिल्ला अध्यक्ष बुद्धराज अर्याललगायतको आतिथ्यता रहेको थियो । अखिल नेपाल ब्युटिसियन श्रमिक संघको एकवर्ष अगाडि असार ३१ गते स्थापना भएको थियो ।

## ३५ औँ साहित्य सन्ध्यामा कवितावाचन र सांगीतिक साँझ

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ मकवानपुरको अग्रणी साहित्यिक संस्था साहित्य संगम मकवानपुरको ३५ औं सन्ध्या दिवसको अवसरमा कवितावाचन एवम् सांगीतिक साँझ कार्यक्रम हुने भएको छ ।

साहित्य संगम मक्वानपुरले स्थापना गरेको अक्षयकोषलाई सहयोगार्थ अगामी भदौ १ गते कार्यक्रम गर्न लागेको संस्थाका अध्यक्ष डीबी बर्तौलाले जानकारी दिए । सांगीतिक साँझमा कवि श्रवण मुकारुङ र स्थानीय गायक अन्जन दाहाल, सुनिता बुर्लाकोटी, रमेश गहतराज र प्रसिद्धि लामिछानेले गायन प्रस्तुती दिनेछन् ।


**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सार्वजनिक सूचना !**

यस उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरूको आ.व. २०८०/८१ को कारोबार विवरणसहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८१/०८२ को कारोबार सुचारू गर्नुपर्ने व्यवस्था रहेकोले मिति २०८१ श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि फर्म, उद्योग तथा कम्पनीबाट नदीजन्य पदार्थको बिक्री वितरण कार्य बन्द गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार यो सूचना जारी गरिएको छ ।

राजश्व व्यवस्थापन शाखा
**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय


## एमालेमै फर्किए नेकपा एस मकवानपुर पूर्वउपाध्यक्षसहितका नेता

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/पार्टी विभाजनको समयमा नेकपा (एकीकृत समाजवादी) पुगेका पुराना एमाले मकवानपुरका नेताहरु पुन: एमालेमा फर्किदैछन् ।

एमाले मकवानपुरको पार्टी कार्यालयमा मंगलबार भएको कार्यक्रममा एकीकृत समाजवादीका पूर्वउपाध्यक्ष भूमिनन्द अर्याल, एस मकवानपुरका सचिवालय सदस्य कालू ढकाल तथा जिल्ला सदस्य जविन्द्र थोकर एमालेमा फर्किएका हुन् । एमाले केन्द्रीयसदस्य केदार न्यौपाने, जिल्ला अध्यक्ष श्रीधर पोखरेल सहितका नेताले समाजवादीका नेतालाई एमालेमा स्वागत गरेका थिए ।

कार्यक्रममा बोल्दै जिल्ला अध्यक्ष पोखरेलले एमाले छाडेर समाजवादी पुगेका एमाले नेता तथा कार्यकर्ता क्रमिक रुपमा एमालेमा फर्कने क्रममा रहेको बताए । नेता, कार्यकर्ता भटाभट एमालेमै फर्किन थालेपछि नेकपा एसमा संकट निम्तिएको छ ।

## फर्पिङबाट हेटौंडाका लामा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ काठमाडौंको दक्षिणकाली नगर पालिका-५ फर्पिङबाट नियन्त्रित लागूऔषधसहित प्रहरीले सोमबार राति हेटौंडाका एकजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-१२ घरभई कलंकी बस्ने २७ वर्षीय दीपक लामा रहेको प्रहरीले जनाएको छ । लामा लागूऔषध डाईजेपाम २२ एम्पुल, फेनारगन २२ एम्पुल, नुर्फिन २० एम्पुलसहित पक्राउ परेका हुन् । उनलाई इलाका प्रहरी कार्यालय फर्पिङबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

हेटौंडाबाट काठमाडौं जाँदै गरेको ना.१ ज ४१०४ नम्बर को टाटासुमो गाडीमा सवार उनलाई लागूऔषधसहित पक्राउ गरेको जनाइएको छ ।

## पिप्लेपोखरा सामुदायिक वनको वार्षिकोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ हेटौंडा उपमहानगरपालिका-५, पिप्लेस्थित पिप्लेपोखरा सामुदायिक वन उपभोक्ता समूहको २९ औं वार्षिकोत्सव सोमवार सम्पन्न भएको छ ।

पिप्लेमा रहेको रुद्रेश्वर मन्दिरमा आयोजित कार्यक्रममा रुद्रेश्वर मन्दिर परिसरमा विभिन्न प्रजातिको बिरुवारोपण गरिनुको साथै बालज्योति माविमा अध्ययनरत गरिब, दलित तथा जनजाति विद्यार्थीलाई छात्रवृत्ति वितरण गरियो ।

कार्यक्रममा आँप, लिची, अमला, तेजपात, विभिन्न प्रकारका फूलहरु र समूहको सेवाक्षेत्रभित्र विभिन्न विद्यालयमा कक्षा ५ देखि १० सम्म अध्ययनरत १३ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको हो ।

समूहले २०८० सालको एसईईमा बालज्योति मावि पिप्लेबाट उत्कृष्ट अंक हासिल गर्ने रिवाज काफ्लेलाई नगदसहित सम्मानित गरेको थियो । समूहले ज्वालादेवी आधारभूत विद्यालय, गढी-४ मा अध्ययनरत सुनिता थिङ, जेनिशासिह ठकुरी, आयुष थापा मगर, उज्ज्वल बजू, लक्ष्मी आधारभूत विद्यालय हेटौंडा-५ मा अधययनरत पवन सहनी, रिता ठकुरी, रविना खातुन, गणेश कुमार, बालज्योति माध्यमिक विद्यालय हेटौंडा-५ मा अध्ययनरत समन राई, स्वेच्छा बर्तौला, विविका राई र योशेव गुरुङलाई छात्रवृत्ति वितरण गरेको थियो ।

कार्यक्रम बागमती प्रदेशसभा सदस्य भारती पाठकको प्रमुख आतिथ्यता एवम् समूहका अध्यक्ष रामहरि चौलागाईको सभाध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति, मकवानपुरका प्रमुख ललित घलान, डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रवंशी, हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरे, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईं, वनअधिकृत बसन्तराज गौतम, मनकामना सामुदायिक वनका अध्यक्ष सर्कलाल लो, समूहका कोषाध्यक्ष झम्क भुजेल, सदस्य राजीव सुवेदी, कार्यसमितिका पदाधिकारी, उपभोक्ता, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**हेटौंडा अस्पताल**
हेटौंडा, नेपाल

**करार सेवामा लिने सम्बन्धी सूचनाको संसोधन गरिएको**

*दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/०२ गते*

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, हेटौंडा अस्पतालका लागि तोकिएको स्वीकृत दरबन्दीमा "चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८" बमोजिम करारमा पदपूर्ति हुने गरी तपशिल बमोजिमका पदहरुमा मिति २०८१/०४/०१ गते साझाकुरा राष्ट्रिय दैनिकमा प्रथम पटक १५ दिने प्रकाशित सूचनामा क्र.सं. २४ र २५ विज्ञापन नं. २०८१/८२-२४ र २०८१/०८२-२५ को पदहरु डेन्टल हाइजिनिष्ट र डार्करुम सहायक/रेडियोग्राफरको तह पाँचौं हुनुपर्ने तथा डार्करूम सहायक/रेडियोग्राफरको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेमा अन्यथा हुन गएकोले जानकारीको लागि पून: यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि हेटौडा अस्पतालको वेभसाइट www.hetaudahospital.gov.np मा हेर्न वा सुचना अधिकारीलाई सम्पर्क गर्न सकिन्छ ।

**हेटौंडा अस्पताल**



"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

**मो सगिम (समिन खान)** अध्यक्ष ९८११८८२२८६
**श्री रामसागर गुरागाईं** प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
**श्री आधुनिक राष्ट्रिय मा.वि.** ०५७-५२०७६६



"मकवानपुरको शिक्षामा शान, गुणस्तरीय शिक्षा भुटनदेवीको पहिचान"

**श्री भुटनदेवी माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

SEE नतिजा २०८० मा शैक्षिक गुणस्तरमा जिल्लामै प्रथम स्थान हासिल गर्न सफल भुटनदेवी मा.वि.मा साइन्स, कमर्स र CTEVT मा भर्ना खुल्यो ।

**कक्षा ११ मा भर्ना खुल्यो !**

मकवानपुर जिल्लाको उत्कृष्ट शैक्षिक धरोहर एवम् प्रसिद्ध शैक्षणिक केन्द्र भुटनदेवी मा.वि. मा शैक्षिक सत्र २०८९ का लागि कक्षा ११ मा साइन्स, कमर्स, सिभिल इन्जिनियरिङ् र CTEVT अन्तर्गतको ३ बर्षे सिभिल इन्जिनियरिङ विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं ।

**हाम्रा आकर्षणहरू**

- शैक्षिक सत्र २०८० को SEE परीक्षामा सामुदायिक विद्यालयतर्फ जिल्लामै उत्कृष्ट हुन सफल भएको,
- यस विद्यालयमा अध्यापन गर्ने सबै शिक्षकहरूले आफ्ना बाबुनानीहरूलाई आफ्नै विद्यालयमा भर्ना गरी शैक्षिक गुणस्तर अझ माथि उठाउन क्रियाशील भएको अतिरिक्त तथा सहक्रियाकलापसहित सस्तो, सुलभ र गुणस्तरीय शिक्षाको प्रतिबद्धता भएको,
- विद्यार्थीको चाहना बमोजिम कक्षा ११ मा कम्प्युटर साइन्स विषय पनि पढाइ हुने,
- अत्याधुनिक साइन्स ल्याब, कम्प्युटर ल्याब र सुविधा सम्पन्न पुस्तकालय भएको,
- SEE परीक्षामा ३.२१ र सोभन्दा माथि जिपिए ल्याउने विद्यार्थीलाई पूर्ण छात्रवृत्ति, जिपिए २.४१ देखि ३.२ सम्म ल्याउनेलाई भर्ना र मासिक शुल्कमा ५० प्रतिशत छात्रवृत्ति तथा जिपिए १.६ देखि २.४ सम्म ल्याउनेलाई २५ प्रतिशत मासिक शुल्कमा छात्रवृत्तिको व्यवस्था भएको,
- आर्थिक रुपमा अति विपन्न र जेहेनदार विद्यार्थीलाई केही विशेष सुविधा भएको भर्ना फारम धमाधम वितरण भैरहेको छ ।
- साइन्स र कमर्सको कक्षा संचालन श्रावण १३ गतेदेखि हुने
- कक्षा ११ सिभिलको भर्ना फारम भर्ने समय २०८१ असार ३१ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण २ गते बिहान ११:०० बजे
- CTEVT इन्जिनियरिङ्गको भर्ना फारम भर्ने समय २०८१ श्रावण १३ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण १९ गते दिउँसो १:०० बजे

**थप जानकारीका लागि :**
**मोबाइल नम्बर : ९८४५४५९८०५, ९८४५२८६८३०, ९८४९७३६१२२**



**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

**फारम शुल्क रू.१५००/-**

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२



**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना